कथा/लघुकथा/लोककथा

# कस्ता हुलहरू

म सडकको बीचमा हिंडिरहेको बेला गाउँघरको एउटा सानो झुपडीमा धेरै मान्छेको हुल देखियो। एक युवक करिब २२/२३ वर्ष पाँच फिट अग्लो जतिको मान्छे आफ्नो हात उठाउँदै उफ्रिन्दै थिए। उसका वचनहरु परेको बेला, सवैको हेला.........परेको.......... जस्ता दर्दनाक थिए। उसको टाउकोमा सेतै कात्रौ पनि बेरेको देखिन्थ्यो। अनि त्यहाँ के रहेछ भनि मैले पनि त्यही हुलतिर मेरो पाइला अघि बढाएछु। म त्यो हुलामा पुग्ने वित्तिकै आश्चर्य मान्दै रमेशलाई सोध्न पुगें। उसले आफ्ना कथा-व्यथाहरु मलाई सुनायो।

त्यहाँ अचानक ३ वर्ष अगाडिदेखि ब्लड क्यान्सर भएर मरेको मान्छेको काजक्रिया सम्बन्धी छलफल हुँदैरहेछ। यतिकैमा रमेशलाई भवेसले प्रश्न गर्न पुग्यो। भवेस आश्चर्य मान्दैः- “हैन रमेश तिमी किन यस्तो पहिरनमा छौं हँ ?”

रमेश दुःख मान्दै हैन भवेस जी ? तिमीलाई थाहा छैन ? भवेस छैन त। रमेशले गम्भीर भएरः- “भवेश जी, दैवले ठगेपछि कस्को के नै पो लाग्छ र... ! हेर्नुहोस् न दुईवर्ष अगाडिदेखि नै बुबालाई ब्लड क्यान्सर लागेको थियो तैपनि अहिले वर्षसम्म परमेश्वरको कृपाले हामीलाई रुंगेर बस्नुभएको थियो, तर अचानक अस्ति १२ गतेका दिन यो संसारलाई छोडेर जानुभयो। हामीले सकेसम्म त जे गर्नु गरेकै थियौं। उपचार को लागि बि. पी. मेमोरियल क्यान्सर अस्पताल लगेका थियौं। त्यहाँ नौ महिनासम्म उपचारमा राखियो अनि तीन दिनमै पिच्छे ब्लड चेन्ज गर्दा पनि केही पार लागेन अनि घरमै राखियो। रोग छिपीसकेपछि केही गर्दा पनि नहुँदो रहेछ भवेस जी। ”

भवेस छक्क मान्दैः- “के गर्ने र रमेश संसारमा यसै हो रित, रोदनहरु कहिले काहीं आफ्नो गीत, जन्मपछि मृत्यु, हाँसोपछि रोदन, शुरुदेखि अन्तिम तिम्रो मात्र होइन हामी विश्व जीवजातिहरुमा। ” ध्रुव यतिकैमा आफ्नो घाँटी तन्काउँदै “ए, तिमीहरु के गर्दैछौं हँ ? अब अतितमै फर्किएर हुँदैन, भावी योजनाहरुको सोचाईमा लाग्नुपर्छ। ” अलि झस्किएर थवेशः- “अँ, साँच्ची रमेश दाइ अनि बुबाको उपचार मा के कति खर्च भयो होला हँ ?” रमेश आँशु पुछ्दै- “हेर्नुहोस् मित्र त्यो त के भन्नु र...। भन्नैपर्दा हाम्रो यस सानो झुपडी सहित हाम्रो सानो करेसाबारी माथिल्लो गाउँका साहु कान्छालाई धितोमा दिएका छौं। उसले ब्याजदरको हिसाबले गरौं त भन्दा पनि “तँ ब्याज कहाँबाट निकाल्छस् हँ” भन्दै हप्काउँदै भन्यो- यो घरबारीको सवै लाजपूर्जाहरु उसले नै राखेको छ। अन्य खर्चहरु ब्याज स्याजमा चलाएको छु। ” सोच्दै भवेसः- “जम्मा कति पुग्छ होला ?” रमेश लामो सास तान्दै सम्पत्तीको नाममा आफ्नो अंग बाहेक केही छैन तर मलाई जम्मा साढें तीन लाख खर्च ऋण छ।

यत्तिकैमा अचम्म मान्दे भवेसः- “त्यत्रो ऋणको भारी कहाँदेखि....?” फेरी आँसु पुछ्दै रमेशः- अब खोई के उपाय गर्नुपर्ने हो ? उपाय नै छैन, हिजोदेखि नै साहूले छिटो ऋण तिर्छस् भने तिर नत्र तेरो घरबारी लिलाम हुँदैछ नी याद गर भनेको छ। भवेस आश्चर्य मान्दैः- अनि के भनिस् ? रमेशः के भन्नु र ? हजुर म बुबाको क्रिया सकिएर विदेश जान्छु अनि मात्र तपाईको ऋण तिर्न सक्छु। केही समय पर्खिदिनु होस् भनेको छु।

यसरी दुईभाइ आफ्नै शैलीमा कुरा गरिरहेका थिए भने अर्कोतिर थुप्रै हुलहरु आफ्नै शैलीमा छलफल गरिरेहका हुन्थे निरन्तर...। भवेस अलि झर्किएरः- अब बुढोको काम चाहिं कुन तरिकाले गर्ने हो ? हँ ऋण पनि थुप्रै रहेछ। यत्तिकैमा सोमनाथ उठेर आजको समाजले निर्णय गरेनुसार बुढोको वचन अनुसार गर्ने। जुन बुढोले यसो भने थिए रे “मेरो मृत्यु राँगा नखानेलाई खसी, खसी नखानेलाई सुँगुर, सुँगुर नखानेलाई कुखुरा, गरेर जसलाई जसलाई जे खान इच्छा छ, त्यहिं चौरासी ब्यन्जन खाने कुरा पुऱ्याउनु। यसैगरी, जाँड, रक्सी, चुरोट, सुर्ती प्रसस्तै बाँडनु है, हाम्रो किरात मुन्धुम अनुसार यि जीवनमा जे-जे चाहेका छन्, तिनैलाई मृत-आत्मासंग पुरा गरिदिनुपर्छ नत्र पिसाच भएर (यङमा सेप्पा) गर्छ भनेको छ अरे” त्यहि कार णले बुढोको वचन पुरा गर्नुपर्छ।

यत्तिकैमा रमेश उठेर झर्किन्दैः- "मेरो त्यत्रो गर्ने हिम्मत पनि छैन र त्यो सवालमा हामी सवेको माटोको शरीर हो केवल माटोमै मिल्छ यो प्रकृतिले दिएको एउटा जीवनचक्र हो। "जसरी विरुवा माटोमा उम्रिन्छ माटोमै सखाप हुन्छ, मानव जीवन पनि त्यही हो। हामी सम्पूर्ण वा आमाका रगतका अंशहरु हौं। जसर ी बा- आमाले माटोबाटै उब्जेका तत्वहरुबाट रगत ग्रहण गरेका हुन्छन्। " यत्तिकैमा गैरीघरे साहिंला बाजे बाहुला सुर्काउँदैः- यो गधा गोरु समाजको कुरा पनि नसुन्ने, आफ्नो बाबुको आज्ञा पालन पनि नगर्ने आदि....। अपाच्य शब्दहरु बोल्दै थिए। यसलाई भोलि नै समाजदेखि नै निकालिदिनु पर्छ। रमेश समाजको डरले हात जोड्दैः- हैन, हजुर ! हैन हजुर , भन्दा भन्दै ती हुलहरु सवै छरपस्ट भइदिए।

-सूर्य लोवा 'नाम्हाङ', सम्पादक छायांकन, पाँचथर।

लघुकथा

# खुशीको बगैंचा

आफ्नी छोरी रमिलाको बारेमा लेखबहादुरलाई केही थाहै थिएन। थाहा होस् पनि कसरी, वर्षमा दुईचार दिनमात्रै घर आउने इण्डियन लाहुरेलाई। छोरीले एस. एल. सी. पास गरेकोमा भने परिवारै मख्ख थिए, किनभने त्यति पढ्ने आजसम्म कोही थिएनन् त्यो खलकमै।

तुरुन्तै छोरीलाई गाउँदेखि पाँचघण्टा टाढा पर्ने बजारमा लगेर थन्क्याइयो, क्याम्पस पढ्नका लागि। छोर ीलाई भने पढ्ने मनै थिएन। बजार, होटल, पार्क र अस्पतालतिर डुलिरहन्थी। उसको काम भनेकै नयाँनयाँ केटासाथी बनाउनु र उनीहरुलाई चिठी लेख्नु थियो। धेरैले चाख्दै छोड्दै गरेपछि आखिर ऊ तीन जना छोर ाछोरी भैसकेको एकजना भरियासँगै पोइल जान ठिक्क परी।

छोरीलाई खर्च पुऱ्याउन गएकी आमाले सबै कुरा थाहा पाई। उसलाई लाजमर्नु भयो। छोरीलाई घाँटी अठ्याएर मारिदिऊँजस्तो पनि लाग्यो। तर जोरीपारीका अगाडि त्यसो गर्नु पनि भएन। छोरीलाई फकाइफुल्याई घरमा ल्याइयो। इष्टमित्र लगाएर घुइँघुइँती केटो खोजियो। त्यतिखेरसम्म त्यो कु-समाचार ले जताततै पिटिसकेको थियो। बल्लतल्ल एउटा भेटियो- सातकक्षा फेल गरेको। त्यसैलाई बोलाएर सुटुक्क कुरो छिनियो र तुरुन्तै बिहे भयो।

अहिले-

केटीका आमाहरु खुशी छन्- छोरी सपारियो भनेर,

केटी खुशी छे- बल्ल लोग्ने भेट्टाइयो भनेर,

केटो खुशी छ- पढेलेखेकी स्वास्नी पाइयो भनेर

गाउँलेहरु खुशी छन्- रोग तह लाइयो भने।

-इन्द्रकुमार श्रेष्ठ, कमलाकुञ्ज, ओखलढुङ्गा ।

# पद

प्रेमबहादुर आफ्नो बाल्यकालदेखिको साथी नेता मनमोहन जनआन्दोलन गर्दा घाइते भएर अस्पतालमा भर्ना हुँदा भेट्न गएन। प्रेमबहादुरलाई उसको बाबुआमाले 'तेरो साथी मनमोहन त पुलिसको लाठीचार्जबाट घाइते भएर अस्पतालमा भर्ना भएको छ केही खानेकुरा बोकेर भेट्न गए हुन्छ नि' भने। "सरकारको विरुद्धमा आन्दोलन गर्ने साथीलाई म भेट्न जान्न" उसले बाबुआमासंग भन्यो।

केही समय बितेपछि अन्तरिम सरकार गठन भएर मनमोहनलाई मन्त्री बनाइयो। मनमोहन मन्त्री हुनासाथ प्रेमबहादुरले आफ्नो साथी मन्त्री भएको खुसीयालीमा फूलको माला लिएर भेट्न गयो। "म अस्पतालमा घाइते भएर भर्ना हुँदा चाहिं तिमी एकपटक पनि आएनौ त्यतिखेर कहाँ थियौ" मनमोहनले सोधे। अहिले त आउन भ्याएछौं उनले थपे। घाइते हुँदा भेट्न जान नसकेकोमा उसलाई भित्र भित्र पश्चाताप भयो। तैपनि त्यतिखेर आफू नभएको भनि बाहिर भएको कुरा सुनाएर उम्किन खोज्यो।

# अल्मलिएको हर्ष

छिमेकमा डेरा गरी लुगा सिई बस्ने सुचिकार हरिदाइको छोरा रमेशले फागुपूर्णिमाको दिन मदनलाई अबिर दलि दियो। यो थाहा पाएर मदनलाई रमेशदेखि निकै रिस उठ्यो। "तँलाई लाज लाग्दैन ? दमाइको छोरा भएर मलाई अबिर दल्न ?" भनेर उसलाई गालामा चड्कन पनि हानी हाल्यो। रमेशलाई चड्कनले निकै दुख्यो र आँसु झार्दै भन्यो "फागुपूर्णिमाको दिनमा अबिर नदले कहिले दल्नु ?"

ऊ रुँदै घरमा गयो र आफ्नो आमालाई घटनाको बृत्तान्त सुनायो। उसलाई आफू दमाई भएकोमा हिनताबोधले सताइरहेको थियो। यो थाहा पाई उसकी आमा रिसाउँदै मदनकी आमासँग गएर भनिन् "तिम्रो छोराले मेरो छोरालाई हात हालेछ अबिर हालेको निहुँमा। मेरो छोराले उसलाई अबिर हाल्यो होला। हामीले सिलाएको लुगा तिमीहरुले चौबिसै घण्टा लगाईरहँदा केही नहुने वर्षको एकपटक आउने फागुमा एकक्षण अबिर लगाउँदा अनर्थ हुने ? यो कस्तो बिडम्बना हो ?"

-अरुणबहादुर खत्री "नदी"

सामाखुशी साहित्य समाज, सामाखुशी मार्ग, ९३५/५४ ।

## लोक कथा

# कपूर्नीघाट

नारानथान भन्ने गाउँमा एउटी दुष्ट आइमाई बस्थी। उसको नाम कपूर्नी थियो। उछिट्टिएका दाँत, भित्र पसेका गाला र भक्कासिएको स्वरका कारण ऊ अजीव देखिन्थी। गाउँघरका सबै मानिसहरु कपूर्नीदेखि पर-पर हुन्थे किनभने ऊ अघोरी थिई। मुर्दाघाटमा गएर मुर्दाको टाउको फोरी गिदी खाने सोख थियो उसको। गाउँघरमै पनि कोही आफूलाई मननपर्ने मान्छे भए भने साँझबिहान पारेर बाटो ढुक्थी र त्यसलाई मार्थी। अनि मध्यरातको समय पारेर गिदीको स्वाद लिन्थी।

कपूर्नीसँग कोही पनि आँखा जुधाएर हेर्न सक्तैनथे। उ, जतिखेर पनि लप-लपाउँदो जिब्रो निकालेर हिंड्थी। उसलाई सबैले जाज्वल्य बोक्सीका रुपमा पनि चिन्थे। यसरी कपूर्नी, नारानथान भेगकै, डर र त्रासको बस्तु बन्न पुगेकी थिई।

कपूर्नीका बाबु र भाइ भने भलादमी र असल थिए। उनीहरु कपूर्नीलाई निकै माया गर्थे। तर स्वभाव सम्झँदा भने उनीहरुलाई पनि डर लाग्थ्यो। आफ्नी छोरी तथा दिदी त्यस्ती भएकोमा बाबुछोरालाई मर्नु भएको थियो तैपनि उनीहरुले तै सुधार्न सकिन्छ कि भनी अनेकौ जान्ने धामी बिजुवा र बैद्यहरुलाई पनि देखाउन छोडेनन्। तर कपूर्नीको अवस्थामा कुनै सुधार आएन।

हिउँदको एक रात। एकाबिहानै एकजना घनटाउके मगरको मृत्यु भएको थियो। कपूर्नीलाई कहिले रात पर्ला भन्ने भइरह्यो। रात पर्नासाथ ऊ हावाको तालमा चिहान भए ठाउँ पुगी। गाडिएको लाश निकालेर ढुङ्गाले ठाउको फोरी। अनि गिदी चपाउन थाली। त्यही रात घनघोर पानी पऱ्यो, हावाहुरी पनि चल्यो। बिहान एकजुवा घाम आइसक्दा पनि कपूर्नी घर आइन। गाउँका मान्छेहरु मुखामुख गर्न थाले।

एक हप्ताजति पछि कपूर्नीको लाश पाइयो। उसको शरीरभरि कीरैकीरा परिसकेका रहेछन्। लाशको सद्गत गरेपछि ठूलो खुशीयाली मनाइयो। दूधकोशीको त्यस मोडलाई आजभोलि पनि कपूर्नीघाटका रुपमा चिनिन्छ।

-दिपक खनाल, नारानथान-५, ओखलढुङ्गा, हाल: काठमाडौं ।